# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।१५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कैलाली, बर्दगोरीया गाँउपालिका वडा नं.४ स्थित श्री माध्यमिक विद्यालय कोटातुल्सीपुरमा कार्यरत बालबिकास कार्यकर्ता निरञ्जना मल्लको एस.एल.सी. सरहको भारतीय शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निरञ्जना मल्लले माध्यामिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणासी भारतबाट जारी भएको हाई-स्कुल परिक्षाको नक्कली (झुट्टा) शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कैलाली जिल्लाको बर्दगोरीया गाँउपालिका वडा नं.४ मा रहेको माध्यमिक बिद्यालय कोटातुल्सिपुरमा वालबिकास सहयोगी कार्यकर्ताको पदमा नियुक्त लिई ओहोदा, लाभ र सुविधा प्राप्त गरी निज निरञ्जना मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल